# नेपाल गजेट

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं माघ १४ गते ०८ साल

## भाग १

## प्रधानमन्त्रालय, राज्य-व्यवस्थाको सूचना

०८।१०।७

श्री ५ महाराजाधिराजकी सुपुत्रीको विवाह--कार्यमा श्री योजना, विकाश, खानी, वन र विद्युत्मन्त्रीजी जानुहुने भएकोले माघ ८ गतेदेखि वहाँ फर्की नआएसम्मलाई सो मन्त्रालयको काम श्रीमाननीय प्रधानमन्त्रीजीबाट हुने भएको छ ।

सेक्रटरी—
प्रधानमन्त्रालय.

## प्र. म. राज्यव्यवस्थाको विज्ञप्ति

आज देशमा जुन परिवर्तन आएको छ, नेपालीले जुन मानवोचित अधिकार पाएको छ; त्यसको श्रेय श्री ५ महाराजाधिराजलाई नै छ । आज देशको परिस्थिति र वास्तविकतालाई नबुझी रक्षादलका केही ज्वानहरू र अवसरवादीहरुले

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अशान्ति तथा अराजकता फैलाउन खोजिरहेका छन्। यही कुरालाई लिएर श्री ५ महाराजाधिराजबाट बक्सेको वक्तव्य प्रकाशित भइसकेको छ। यस्ता देशद्रोहीहरूको बहकावमा नआई देश, जनता र श्री ५ महाराजाधिराज प्रति भई सरकारलाई मद्दत गर्नु हरएक नागरिकको कर्तव्य हो।

देशद्रोहीहरू धेरैजसो ता पक्डिइसकेका छन्, केही भागिसकेका छन् र अरू बाँकीलाई राष्ट्रिय सेनाले घेरामा पारिसकेको छ। प्रजावत्सल श्री ५ महाराजाधिराजबाट जनताको धन जनको सुरक्षाको लागि हुकुम बक्सेबमोजिम सरकारका तर्फबाट सुरक्षाको पूरा पूरा बन्दोबस्त भइसकेको छ। अतः जनताले आतङ्कवादीहरूको होहल्लामा नलागी शान्तिपूर्वक रहनुहोला।

---

गोरखापत्र छापाखानाबाट प्रकाशित

विष्णु ध्वज जोशी
अफिसर-इन्चार्ज
२००८.

१४१-B
१४१
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग, सिंहदरबार